# लेटाङ नगरपालिका

# दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी नीति

# तथा

# कार्य योजना

## आ.व. २०८१/८२ – २०८५/८६

पारित मितिः- २०८१/०८/०४

लेटाङ नगरपालिका

मोरङ

लेटाङ नगरपालिका, मोरङ

दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी निति तथा कार्य योजना

नगर कार्यपालिकाबाट स्वीकृत मिति- २०८१/०८/०४

१. भूमिका

दिगो विकासको अवधारणाले प्राकृतिक स्रोत साधन वातावरण जनसंख्या विकासका गतिविधिहरुबीचको उचित एबम् सन्तुलित तथा आर्थिक सामाजिक र वातावरणबीच सन्तुलन कार्यम गर्नका लागि गरिने साझा प्रयास एबम् प्रतिबध्दताका साथै बर्तमान समयको आवश्यकता परिपूर्ति गर्नका लागि भाबी पुस्ताका आवश्यकताको उपलब्धतामा प्रभाव पर्न नदिने गरि गरिने गरि गरिएका साझा प्रयासहरुको अवधारणाको रुपमा लिन सकिन्छ। दिगो विकासका लक्ष्यहरुलाई प्राप्तिका लागि निर्धारित परिमाणात्मक सूचकहरुलाई स्थानीय स्रोत साधन अनुसार स्थानीय आवश्यकता अनुरुप परिमार्जन गर्दै स्थानीय योजना वनाउदा तिनिहरुको आन्तरिकिकरण तथा अन्तरघुलन कायम गराई कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो । दिगो विकासका लक्ष्यहरुलाई विकास र सुशासनका कार्यमा आन्तरिकिकरण गर्दै समग्र विकासलाई सहज सरल गुणस्तरिय र स्रोत साधनको उपयोगमा दिगोपना कायम राख्ने उदेश्य सहित लिईएका बिश्वब्यापी लक्ष्यहरुलाई आन्तरिकिकरण गर्दै राष्ट्रिय लक्ष्यमा पुग्न सहयोग हुनेगरी दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने सन्दर्भमा लेटाङ नगरपालिकाले आफ्नो भौगोलिक वनावट तथा अन्य विषयसंग अनुकसलन हुने गरी स्थानीयकरण गर्ने प्रयास गरेकोछ । सो सम्वन्धमा नगरपालिकाले दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको नीति तथा कार्य योजना निर्माण गरेको छ ।

२. दिगो विकासका लक्ष्य प्राप्ती सम्वन्धी तय गरेका नीतिहरु ।

२.१ सवै क्षेत्रमा रहेका सवै स्वरुपका गरिबी अन्त्य गर्ने लक्ष्य प्राप्तीका लागि कृषि तथा पशुपंक्षी क्षेत्रमा ब्यवसायिकरण, उद्यम र सहकारी क्षेत्रमा सुधार र बढोत्तरी, सामाजिक पुजि निर्माण, उद्यमशिल संस्कृतिको विकासमा सहभागिता, उत्पादित वस्तुको गुणस्तरमा सुधार गर्दै वजार पहुचमा निरन्तर प्रयास, आयआर्जन र रोजगारी सृजनामा जोड जस्ता कार्यक्रम सञ्चालनमा जोड दिदै सन् २०३० सम्ममा उल्लेख्य सुधार गरिनेछ।

२.२ भोकमरी अन्त्य गर्ने खाध्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्दै समृध्द जिवनस्तर प्रवर्धन गर्ने लक्ष्य प्राप्तीका लागि दिगो कृषि प्रवर्धन, कृषिमा ब्यवसायिकता, मुल्य श्रृङ्खलाका विविध आयाममा स्थानीय सरकारको सहयोग, खानपान र ब्यवहार परिवर्तनमामा प्रयास, ज्ञान सीप र प्रविधि मार्फत खेतिपातीमा सुधार, वित्तिय पहुच मार्फत साना उत्पादक र ब्यक्तिलाई लगानीको अवसर जुटाउन सहयोग गर्ने, कृषि उत्पादनलाई ब्यवस्थापनका सहजिकरण गर्ने लगायतका कृयाकलाप मार्फत भोकमरी अन्त्यका लागि उल्लेख्य कार्यहरु सञ्चालन गरिनेछ ।

२.३ सवै उमेर समुहका लागि स्वस्थ जिवनको सुनिश्चितता गर्दै समृध्द जिवनस्तर प्रवर्धन गर्ने लक्ष्य प्राप्तिका लागि जोखिमयुक्त खानपान ब्यवहार र जिवनशैली विरुध्दको चेतनामा विस्तार गर्ने कार्यक्रमहरुको निरन्तरता र अझ बढी प्रयास गर्ने नगरमा स्वास्थ्य बिमा सुविधा सहितको निशुल्क अस्पताल प्रवर्धन गर्ने स्वास्थ्य बीमालाई सघन रुपमा बढोत्तरी गर्ने सहकारीक्षेत्रको माध्यमवाट स्वास्थ्य सुधारमा प्रयास गर्ने सरसफाई फोहोरमैला ब्यवस्थापन लगायतका कार्यमा निरन्तर प्रयास गरिनेछ ।

२.४ सवैका लागि समावेशी तथा समतामुलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै सवैका लागि जीवनपर्यन्त सिकाईका अवसरहरु प्रवर्धन गर्ने लक्ष्य प्राप्तीका लागि प्राविधिक ताथ अन्य शिक्षालय तथा शैक्षिक प्रतिष्ठान

सञ्चालन गर्ने सीपयुक्त ज्ञान विस्तार।मा जोड दिने शिक्षा र सीप भएकाहरुलाई स्वरोजगार तथा रोजगारका अवसरहरुमा प्राथमिकता कर्जा उपलब्धतामा सहजिकरण शैक्षिक कर्जामा सहजिकरणका साथै जेष्ठ नागरिकहरुको ज्ञान सीप र अनुभवहरुलाई पुस्तान्तरण गर्ने कार्यक्रम संचालन गर्नेछ ।

२.५ लैंगिक समानता हासिल गर्ने र सबै महिला किसोरी र बालिकाहरुको सशक्तिकरण गर्ने लक्ष्य प्राप्तिका लागि महिला केन्द्रित रोजगारी तथा स्वरोजगारी तथा उद्यम स्थापनामा जोड दिने सरकारी तथा गैर सरकारी निकायका विभिन्न तहमा महिला सहभागिताका विस्तारको कानूनी ब्यवस्था गर्ने महिलाहरुलाई उद्यम ब्यवसाय तर्फ उन्मुख गर्न आवश्यक सहयोग र सहजिकर० गर्ने तथा समाजमा रहेका अन्धविश्वासजन्य प्रथा र संस्कार हटाउन आवश्यक कानूनी तथा कार्यान्वयात्मक कार्यक्रम संचालन गरिनेछ ।

२.६ सवैको निम्ति पानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो ब्यवस्थापन सुनिश्चितता गर्ने लक्ष्य प्राप्तिका लागि पानीको श्रोतको संरक्षण साना मझौला तथा ठुला खानेपानी तथा सिचाईका कार्यक्रम प्रस्ताव सञ्चालन ब्यवस्थापन गर्ने तथा पानीको उचित सदुयोग गर्ने पानीको विकास गर्न सचेतनात्मक कार्यक्रम सञ्चालन गर्ने पुन प्रयोगजन्य वस्तुको ब्यवस्थित उपयोग र पुन प्रयोग गर्न नसकिने वस्तुको उचित ब्यवस्थापन गर्ने कार्यमा ध्यान दिईनेछ ।

२.७ धान्न/बेहोर्न सकिने भरपर्दो दिगो र आधुनिक उर्जामा सवैको पहुच सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका लागि सफा उर्जा कार्यक्रम खाना पकाउन स्वच्छ उर्जा तथा पुर्ण विद्युतिकरणमा विषेश प्रयास गरिनेछ ।

२.८ स्थिर समावेशी र दिगो आर्थिक बृध्दि र सवैको लागि पूर्ण तथा उत्पादनशिल रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने लक्ष्य प्राप्तिका लागि विकास विकासका अवयवहरुलाई आधार मान्दै आर्थिक प्रशासनिक र वित्तीय क्षेत्रमा समावेशीता अवलम्वन गर्दे कृषि पर्यटन र उद्योगबाट प्राप्त हुने आर्थिक बृध्दिलाई सुधारोन्मुख निरन्तरताका लागि आवश्यक कार्यहरु सञ्चालन गर्ने नगरभित्रका सम्भाब्य उद्यम तथा रोजगारी सृजना हुने क्षेत्रको पहिचान गर्दै रोजगारीका अवसरलाई बिस्तृतिकरण गर्दै जाने र रोजगारलाई सम्मानित गर्ने कार्यका लागि आफ्नो आर्थिक अवस्थाको सुधारका लागि म आफै अघि बढ्छु तथा आर्थिक बृध्दिमा मेरो साथ बस्दिन म खाली हात जस्ता कार्यक्रममा हौसला प्रदान गरिनेछ ।

२.९ समयानुकुलित/उत्थानशिल पूर्वाधारहरु निर्माण समावेशी र दिगो औद्योगिकरणको प्रवर्धन र नवप्रवर्तनहरुलाई प्रोत्साहन गर्ने लक्ष्य प्राप्तीका लागि पर्यावरणीय दृष्टिकोणवाट उपयुक्त देखिएका वातावरणमैत्री अपाङ्गतामैत्री र स्थानीय स्रोत साधन र श्रम उन्मुख पूर्वाधार निर्माणमा विशेष ध्यान दिदै पूर्वाधारका निर्माण तथा संरचना तयार गरिनेछ ।स्थानीय कच्चा पदार्थमा आधारित र नविकरणीय उर्जा प्रयोग गर्ने उद्योग स्थापना र सञ्चालनमा जोड दिईनेछ । नविन सोच र प्रविधि तथा समाजको यथार्थपरक आवश्यकतालाई सम्वोधन गर्नेखालका उत्पादनमा प्राथमिकता दिईनेछ ।

२.१० देश भित्रको असमानता न्यून गर्ने उदेश्य प्राप्तिका लागि सम्मानित जिवनस्तर कायम गर्न र अति विपन्नको स्तरवाट सुधार गर्दै लैजान गरिवी न्युनिकरण रोजगारी सृजना तथा नगरका श्रोतहरुलाई अधिकतम उपयोगका माध्यमवाट धनि र गरिवबीचको खाडल कम गर्दै लैजाने प्रयास गरिनेछ ।

२.११ शहर र मानव बस्तीहरुलाई समावेशी सुरक्षित समयानुकुलित/उत्थानशिल र दिगो बनाउने उदेश्य प्राप्तिका लागि भवन संहिता पालना गर्दै भवन निर्माणमा नियमन गरिनेछ । मानव बस्तिहरुलाई जोखिमयुक्त स्थानवाट स्थानान्तरण गर्ने प्रयास गरिनेछ । सबै घरमा पोषणयुक्त खानेकुराको स्वउत्पादनमा ध्यान दिदै स्वस्थ जिवनयापन गर्ने तर्फ सवैमा सचेतनाको निरन्तर प्रयास जारी रहनेछ ।

२.१२ दिगो उपभोग र उत्पादन ढाँचाहरु सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका लागि खाद्य श्रृङ्खलामा जोड दिदै विषादिमुक्त उत्पादन र उपभोगमा जोड दिने तथा उत्पादन प्रकृयालाई आधुनिकिकरण गर्दैं उत्पादन बृध्दि गर्ने कार्यक्रम प्रवर्धन गरिनेछ ।

२.१३ जलवायु परिवर्तन र यसका असरहरुसंग जुध्न तत्काल कार्य अघि बढाउने उदेश्य प्राप्तिका लागि जलवायु परिर्वतन र यसका असरका विषयमा अभिमुखिकरण गर्दैं यसका असरहरु न्युनिकरण गर्ने उपायहरु खोजी गर्दैं नविनतम प्राप्त उपायहरुको प्रयोग र सामान्य प्रकृयावाट हुने जोखिम न्युनिकरणका लागि आवश्यक अनुकुलन प्रयास र अभ्यासहरु गरिनेछ ।

२.१४ पृथ्वीको भु-सतही/भुपरिधिस्तरीय प्रणालीहरुको दिगो उपयोग रक्षा र पुनर्स्थापना गर्ने वन जंगलहरुको दिगो रुपमा ब्यवस्थापन गर्ने मरुभुमिकरण बिरुध्द लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक बिबिधताको ह्रासलाई रोक्ने उदेश्य प्राप्तिका लागि लेटाङ नगरपालिकाका पहाडी तथा भूक्षय सम्भावना भएका क्षेत्रहरुको पहिचाहन नदिले कटान र डुवान गर्ने सक्ने क्षेत्रको पहिचानगर्नका साथै सम्भावित जोखिम न्युनिकरण गर्न भूक्षय र पहिरो न्युनिकरणका लागि जैविक प्रणाली सुधार लगायत अन्य उपयुक्त विधि अवलम्वन गर्दैं वनक्षेत्रको विस्तार र जंगलहरुको समुदाय मार्पत गरिने दिगो ब्यवस्थापनमा ध्यान दिदै निति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

२.१५ दिगो विकासका निम्ति शान्तीपुर्ण र समावेशी समाजहरुको प्रवर्धन गर्ने न्यायमा सवैको पहुच प्रदान गर्ने र सवै तहहरुमा प्रभावकारी जवाफदेहि र समावेशी संस्थाहरु निर्माण गर्ने लक्ष्य प्राप्तिका लागि सामाजिक संस्थाहरुको सुधार गर्ने सामाजिक असल अभ्यासहरुलाई आन्तरिकिकरण गर्ने मानव मुल्य र मान्यतालाई क्षती पु-याउने संस्कारहरुलाई निरुत्साहित गर्दैं लैजाने न्यायिक सचेतना अभिबृध्दि गर्दृ लैजाने तथा सामाजिक संघ संस्थाहरुलाई जवाफदेहि र उत्तरदायी वनाउन क्षमता विकास गर्दैं लैजाने विविध प्रयासहरु गरिनेछ ।

२.१६ दिगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने लक्ष्य प्राप्तिका लागि वार्षिक नीति तथा कार्यक्रमका हरेक योजनामा दिगो विकासका लक्ष्य समावेश गर्ने तथा कार्यान्वयन ईकाईहरुलाई प्रशिक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३. दिगो विकासका लक्ष्य प्राप्ती सम्वन्धी तय गरेका कार्ययोजना ।

लेटाङ नगरपालिकाले दिगो विकासका लक्ष्यलाई आत्मसाथ गर्दैं तय गरेका नीति कार्यन्वयनका लागि तपसिल बमोजिमको कार्य योजना तय गरेको छ ।

| दिगो विकासका लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा/ ईकाई | उपलब्धी/अनुगमन सूचक |
|---|---|---|---|---|
| लक्ष्य नं. १ - गरिवी अन्त्य गर्ने । | गरिवीको अवस्था बारे पहिचान र वर्गिकरण गर्ने । | गरिव परिवार पहिचान भएको हुनेछ । | उद्यम शाखा/ रोजगार शाखा/योजना शाखा | अति गरिव/सामान्य गरिवको तथ्यांक अध्ययन प्रतिवेदन |
| | गरिवीभित्र महिला सिमान्तकृत दलित वालवालिका अपाङ्गता भएका समेतलाई लक्षित गरी आयमुलक तथा रोजगार मुलक कार्यक्रम संचालन गर्ने । | निदिष्ट गरिएका परिवारको क्षमता विकास भई र स्वरोजगार रोजगार भएका हुनेछन्। | उद्यम शाखा/ रोजगार शाखा/योजना शाखा | वार्षिक प्रगति प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्य नं.२ भोकमरी अन्त्य गर्ने | कृषि उत्पादनमा जोड दिने, पशुजन्य उत्पादनमा जोड दिने, अर्गानिक उत्पादन प्रवर्धन गर्ने, उत्पादनलाई ब्यवसायिक वनाउने, अति विपन्न खाद्यान्न कार्यक्रम संचालन गर्ने, बेवारिसे असहायहरुको पहिचाहन गर्ने र अवस्था सुधार गर्ने | सवै नगरबासीहरुलाई खाद्यान्नको आवश्यकता परिपूर्ति हुनेछ । | कृषि बिकास शाखा पशुसेवा शाखा उद्यम शाखा रोजगार शाखा | बार्षिक प्रगति प्रतिवेदन |
| लक्ष्य नं.३ समृध्द जिवनस्तर कायम गर्ने | सम्मानित जिवनस्तर कायम गर्न आवश्यक पुर्वाधार तयार गर्दै लैजाने र उत्पादन अभिबृध्दि र छनौटको विविधतामा प्राथमिकता प्रदान गर्ने । | तोकिएको अवधि भित्र जिवनस्तर सुधारमा उल्लेख्य उपलब्धि हासिल भएको हुनेछ। | नगर कार्यापालिका तथा सवै शाखाहरु | बार्षिक प्रगति प्रतिवेदन |
| लक्ष्य नं. ४ गुणात्मक शिक्षा र सिकाई प्रवर्धन | प्राविधिक र ब्यवसायिक शिक्षा शिक्षालाई स्वरोजगारमुलक जिवनपयोगि तथा रोजगारमुलक कार्यप्रति आकर्षण गर्ने कार्य अगाडी बढाईनेछ । | स्वरोजगारमुलक रोजगारमुलक तथा जिवनपयोगि सीप र शिक्षा प्राप्त गरी नागरिक स्वनिर्भर हुनेक्रम बढीत्तरी हुनेछ । | शिक्षा शाखा योजना शाखा उद्यम शाखा सामाजिक विकास शाखा लगायत | वार्षिक प्रगति प्रतिवेदन |
| लक्ष्य नं. ५ लैंगिक समानता सशक्तिकरण | लैंगिक विभेद तथा सामाजिक कूरितिहरुको अन्त्य गर्दै समतामुलक समाज सृजनामा उल्लेख्य सुधार हुनेछ । | सचेतनामूलक कार्यक्रम क्षमतामुलक कार्यक्रम विभेदका आधार र कारणलाई पहिचान गर्दै त्यस्को न्यूनीकरणमा जोड दिईनेछ । | योजना शाखा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा लगायत सवै विषयगत शाखाहरु | वार्षिक समिक्षा तथा प्रतिवेदनहरु |
| लक्ष्य नं. ७ भरपर्दो दिगो र आधुनिक उर्जामा सवैको पहुच | वनजन्य उर्जालाई न्यूनिकरण गर्दै नविकरणीय उर्जा उपयोगमा प्राथमिकता दिईदै विषेश कार्यक्रम संचालन गरिनेछ । | विद्युतिय चूलो सौर्य उर्जा उपयोग सम्वन्धी कार्यक्रम संचालनमा प्रथमिकता दिईनेछ । | पूर्वाधार शाखा योजना शाखा लगायत | बार्षिक प्रगति प्रतिवेदन तथा समिक्षा कार्यक्रम |
| लक्ष्य नं. ८ दिगो आर्थिक बृध्दि र मर्यादित काम प्रवर्धन | कृषि पशुर्पक्षि तथा वनजन्य उद्योग तथा लघु घरेलु तथा साना उद्योगको माध्यमवाट स्वरोजगारी सृजना गरी आर्थिक बृध्दिलाई दिगो बनाईनेछ । | कृषि पशुपंक्षि तथा वनजन्य उद्योग तथा लघु घरेलु तथा साना उद्योगको प्रवर्धन गर्दै स्वरोजगारी सृजना गर्ने कार्यक्रम संचालन गरिनेछ। | आर्थिक विकास समिति र सो अन्तरगतका विषयगत शाखा तथा ईकाईहरु | बार्षिक प्रगति प्रतिवेदन तथा समिक्षा कार्यक्रम |
| लक्ष्य नं. ९ समावेशी र दिगो औद्योगिकरण प्रवर्धन र नव प्रवर्तन | नव प्रवर्धनमूलक नयाँ विचार तथा प्रविधिमा आधारित उद्यम तथा ब्यवसायलाई प्राथमिकता | नविन सोच सहितका नव प्रवर्तनमूलक उद्योग स्थापना र संचालनमा | आर्थिक विकास समिति र सो अन्तरगतका | बार्षिक प्रगति प्रतिवेदन तथा समिक्षा कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| प्रोत्साहन | दिदै उद्योगमैत्री वातावरण सृजना गर्न सामाजिक वातावरण उर्जा उपयोग तथा प्राकृतिक स्रोतको उचित उपयोग सम्वन्धी विषयलाई प्राथमिकता दिईनेछ । | जोड दिईनेछ । | विषयगत शाखा तथा ईकाईहरु | |
| लक्ष्य नं.१० असमानता अन्त्य गर्ने | समाजमा रहेका लैंगिक असमानता आर्थिक असमानता र अन्य विभेद तथा असमानताको अन्त्य गर्ने कार्यक्रम संचालन गरिनेछ । | सचेतनामूलक आयआर्जनमूलक तथा विभेद न्युनिकरण सम्वन्धी कार्यक्रम संचालन हुनेछन । | आर्थिक विकास समिति सामाजिक विकास समिति तथा सो अन्तरगतका ईकाईहरु | बार्षिक प्रगति प्रतिवेदन तथा समिक्षा कार्यक्रम |
| लक्ष्य नं.११ शहर तथा मानव बस्तीहरुलाई समावेशि सुरक्षित र समयानुकुलित वनाउने | भवन संहिता पूर्णरुपमा लागु गर्दै लैजाने अभ्यासमा अझ बढी प्राथमिकता दिईनेछ । निर्माण हुने संरचनालाई समयानुकल र सुरक्षित वनाउने औजारहरुको खोजी तथा कार्यन्यनमा जोड दिईनेछ । | भवन संहिता पूर्ण रुपमा लागु हुने र आधुनिकरुपमा प्रतिपादित भएका सुरक्षाका उपायहरु निर्माण हुने र निर्मित भवनहरुमा जडान गर्न प्रोत्साहन गरिनेछ । | भौतिक पूर्वाधार विकास समिति शहरि विकास तथा भवन शाखा र पूर्वाधार विकास शाखा लगायत | नक्सापास र अभिलेखिकरण भएका भवनको बढोत्तरी तथा वार्षिक प्रगति र समिक्षा कार्यक्रम । |
| लक्ष्य नं. १२ दिगो उत्पादन र उत्पाद ढाँचाहरु सुनिश्चित गर्ने | दैनिक जिवनयोगि सामाग्री उत्पादन र उत्पादनका ढाँचाहरुलाई समयपरक र प्रविधमैत्रि तथा उत्पादन र उत्पादकत्वलाई दिगो वनाउने कार्यक्रम संचालन गरिनेछ । | कृषि पशु उद्यम सहकारी र नव प्रवर्तनमूलक उद्यम र उत्पादनमा जवड दिने कार्यक्रम संचालन गरिनेछ । | आर्थिक विकास शाखा र अन्तरगतका ईकाईहरु | वार्षिक प्रगति प्रतिवेदन र समिक्षा |
| लक्ष्य नं. १३ जलवायु परिवर्तन र यसका असरसंग जुध्न आवश्यक कार्य गर्ने | चुरे लगायत स्थानीय स्रोतहरु नदिनाला खोला खहरे वन जंगल को उचित ब्यवस्थगापन गर्दै नागरिकहरुको जिवनशैली परिवर्तित जलबायु अनुकल वनाउन गरिने प्रयासहरु यथासम्भव अगाडी बढ्नेछन । | वन जंगलको उपयोग र सुरक्षा नदिजन्य पदार्थको उपयोग र सुरक्षामा विषेश ध्यान दिदै विवध कार्यक्रमहरु संचालन हुनेछन । | वन वातावरण तथा विपद ब्यवस्थापन समिति र सो अन्तरगतका ईकाईहरु | वार्षिक प्रगति प्रतिवेदन र समिक्षा |
| लक्ष्य नं. १५ पारिस्थिकिय प्रणालीहरुको दिगो उपयोग रक्षा र पुनर्थापना गर्ने | जिवनचक्रका प्रणालीहरुका विषयमा सचेतना अभिबृध्दि गर्दै पारिस्थतिकिय प्रणालीमा कम क्षति हुने उपकरणको उपयोग र उपयोग पश्चात पुनस्थापना गर्दै उपयोग भावि पुस्ताका आवश्यकतामा कमि हुन | पारिस्थितिय प्रणालीका विषयमा सचेतना बृध्दि गर्ने प्राकृतिक स्रोतको उपयोग पुनर्स्थापना गर्न सकिने विधि अनुकुल गर्ने जस्ता कार्यक्रम संचालन हुनेछन । | वन वातावरण तथा विपद ब्यवस्थापन समिति र सो अन्तरगतका ईकाईहरु | वार्षिक प्रगति प्रतिवेदन र समिक्षा |

| | | | | |
|---|---|---|---|---|
| | नदिनेमा जोड दिईनेछ । | | | |
| लक्ष्य नं १६ दिगो विकासको निम्ति शान्तिपुर्ण समाबेशी समाजहरुको प्रवर्धन गर्ने | समाजलाई शान्तिपृय र सुधारोन्मुख तथा समावशी सिध्दान्तलाई अगिकार गर्दै प्राकृतिक स्रोतमा सवैको पहुच र सहभागिता बृध्दि गरिनेछ । | सामुहिक निर्णय प्रकृया सरोकारवालाहरुसंग अधिक छलफल र समावेशीताका विषय रसो को प्र।प्ति पश्चात हुने उपलब्धिका विषयमा समाजलाई निर्नतर अभिमुखिकरण गर्दै कार्यक्रम संचालन गरिनेछ । | नगर कार्यपालिका र सवै विषयगत शाखाहरु | वार्षिक प्रगति प्रतिवेदन र समिक्षा |
| लक्ष्य नं. १७ दिगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने । | दिगो विकासका लक्ष्य र अवधि तथा सो प्राप्तिका उपाय तथा औजारहरुको उपयोगमा जोड दिदै कार्यक्रम तय गरिनेछ । | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणको माध्यमवाट नगरबासीहरुमा सचेतना अभिबृध्दि गर्दै सोहि दिशामा अगाढी बढ्ने किसिमका कार्यक्रम तय गरिनेछ र | नगर कार्यपालिका र सवै विषयगत शाखाहरु | वार्षिक प्रगति प्रतिवेदन र समिक्षा |

यसरी हरेक वर्ष वजेट तर्जुमाका हरेक चरणमा दिगो विकासलाई केन्द्र विन्दुमा राखि नीति निर्माण वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयमा जोड दिदै दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि प्रयासरत रहदै लक्ष्य प्राप्ति गरिनेछ।